**निजगढ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बारा जिल्ला, प्रदेश नं. २**

## कर्मचारी (IT Officer) आवश्यकता सम्बन्धी सूचना ।

(प्रकाशन मिति: २०७४।०८।२७)

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तरगत यस निजगढ नगरपालिकामा, करार सेवामा आ.व. ०७४।०७५ का लागि १ (एक) जना सूचना प्रविधि अधिकृत (IT Officer) को आवश्यकता रहेकाले, योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रु. १०/- को टिकट टाँस गरी निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

- **पदः-** सूचना अधिकृत (IT Officer)
- **आवश्यकता सख्याः-** १ (एक)
- **आवश्यक न्यूनतम योग्यताः-** लोक सेवा आयोगले लिने "कम्प्यूटर अधिकृत" पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSC.IT, BSC, CSIT) उपाधि प्राप्त ।
- **पेश गर्नु पर्ने आवश्यक कागजातहरुः-** व्यक्तिगत विवरण, नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्र (नेपाल बाहिरको प्रमाण मात्र भए, नेपालको विश्वविद्यालयबाट Equivalence गरिएको प्रमाणपत्र), कार्य अनुभव भए अनुभवको प्रमाणपत्रहरु तथा अन्य कागजातहरु ।
- **कार्य शर्त विवरण (TOR):-** स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको वेबसाइट (lgcdp.gov.np) मा हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।
- **पारीश्रमिकः-** मासिक रु. ४०,०००/- (अन्य सेवा सुविधा प्रचलित कानून अनुसार हुनेछ)

नोटः

- निवेदकहरुले निजगढ नगरपालिकाको इमेल nijgadhmun@gmail.com वा फ्याक्स नं. ०५३-५४०२०० बाट समेत आवेदन दिन सकिनेछ ।
- म्याद नाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।
- पाठ्यक्रम यस नगरपालिकाको www.nijgadhmun.gov.np मा समेत हेर्न सकिने छ ।
- आवेदन परेका मध्येबाट छोटो सुची (Short list) प्रकाशन पश्चात अन्य छनौट विधि ( कार्यक्रम) प्रकाशन गरिनेछ ।
- अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।